# बन्दिपुर गाउँपालिका

## कार्यपालिका बैठक माइन्युट

| मितिः २०८३।०१।१५ मंगलबार | बैठक संख्याः १५ (आर्थिक वर्ष २०८२।०८३) |
|---|---|
| अध्यक्षता | श्री सुरेन्द्र बहादुर थापा, गाउँपालिका अध्यक्ष |

| क्र. स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरूङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुँवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | वल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | कमल बहादुर के.सी. | सदस्य-सचिव | |

**एजेन्डाहरू:**

| सि.नं. | एजेन्डाको संक्षिप्त विवरण |
|---|---|
| १. | अघिल्लो बैठकको समीक्षा। |
| २. | गोहोटे चौतारा ग्याविन वाल सम्वन्धमा। |
| ३. | निर्माण ठेक्का तथा कोटेशन को म्याद थप सम्वन्धमा। |
| ४. | सडक मर्मत सम्वन्धमा। |
| ५. | कल्लेरी आमा समूह लालपुर्जा जलादेवी आमा समुह सम्वन्धमा। |
| ६. | परामर्श खर्चको भुक्तानी सम्वन्धमा। |
| ७. | साहसिक खेल प्रतियोगिता (साइकल रेस, प्यारा ग्लाईडीङ्ग, रक क्लाइबिङ्ग ) को TOR सम्वन्धमा। |
| ८. | "गाउँ पर्यटन मार्ट २०८३" को प्रस्ताव स्वीकृत सम्वन्धमा। |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

CamScanner

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय

| | |
|---|---|
| ९. | धारापानी कुकुर्दी सुकौरा सडक स्तरोन्नतिको गुणस्तरीय निर्माण र भुक्तानी सम्बन्धमा (रिड्स इन्जिनियरिंग कन्स्ट्रक्सन कम्पनी प्रा.लि.,काठमाण्डौ) । |
| १०. | आधुनिक कृषि मेसिनरी कार्यक्रमको अनुदान रकम निर्धारण तथा लाभग्रहि छनौट सम्वन्धमा । |
| ११. | कफि प्रवर्धन कार्यक्रमको लाभग्राहि छनौट सम्वन्धमा । |
| १२. | गाउँसभाबाट विनियोजित सम्पूर्ण योजनाहरुको कार्यन्वयन तथा भुक्तानी गर्ने सम्बन्धमा । |
| १३. | मनकामना गण भानु नगरपालिका भवन मर्मत सम्बन्धमा । |
| १४. | भेटेरिनरी डाक्टर विज्ञापन गर्ने सम्बन्धमा । |
| १५. | आर्थिक सहायता सम्बन्धमा । |
| १६. | कोटेशन सम्बन्धमा । |

**बन्दिपुर गाउँपालिका**

**कार्यपालिका बैठकका निर्णयहरु:-**

**मिति:-२०८३/०१/१५**

| नि.न. | विषय क्षेत्र/एजेण्डाहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | **अघिल्लो बैठकको समीक्षा।** | अघिल्लो बैठकको निर्णय उपर छलफल गरि कार्यान्वयनको अवस्थाको समीक्षा गरियो। |
| २. | **गोहोरे चौतारा- कल्चोक मोटर मार्गसम्बन्धमा।** | बन्दिपुर गाउँपालिका वडा नं. ५ गोहोरे चौतारा- कल्चोक मोटर मार्ग अन्तर्गत गोहोरे चौतारा नजिक सडक जोखिमयुक्त रहेकोले सो क्षेत्रमा ग्याविन जाली सहित सडक मर्मतको लागि सडक मर्मत शिर्षक बाट रु १ लाख छुट्याउने निर्णय गरियो। |
| ३. | **निर्माण ठेक्का तथा कोटेशनको म्याद थप सम्बन्धमा** | आ.व. २०८२/८३ मा यस गाउँपालिकामा संचालित तपसिल बमोजिम ठेक्काको निम्न म्याद कायम हुने गरी म्याद थप गर्ने निर्णय गरियो। (विवरण तालिका नं. १ मा छ) |
| ४. | **सडक सडक बोर्ड साझेदारी सम्बन्धमा।** | सडक बोर्ड साझेदारी अन्तर्गत बन्दीपुर गाउँपालिका बाट बिनियोजन गरिएको रु १० लाख बन्दीपुर – मुचुक – रामकोट सडक मार्ग अन्तर्गत बन्दीपुर चोक - भन्याङ् चौतारा खण्डमा पक्की नाली निर्माण गर्ने निर्णय गरियो। |
| ५. | **कल्लेरी आमा समूह लालपुर्जा जलादेबी आमा समुहको नाम सम्बन्धमा।** | बन्दिपुर गाउँपालिका वडा नं. ६ मा आ.ब. २०८२/८३ मा संचालित स्वीकृत योजनाको नाम कल्लेरी आमा समुह भएको तर जग्गा धनि प्रमाण पुर्जामा नाम जलदेबी आमा समुह भै नाम फरक भएता पनि कल्लेरी आमा समुह र जलदेबी आमा समुह भन्ने एउटै नाम भएको भनि वडा नं. ६ कार्यालयबाट लेखि आएकोले दुवै नाम कल्लेरी आमा समुह र जलदेबी आमा समुह एउटै नाम कल्लेरी आमा समुह भएको व्यहोरा निर्णय गरियो। |
| ६. | **परामर्श खर्चको भुक्तानी सम्बन्धमा।** | आ.व. २०८२/८३ मा यस गाउँपालिकाबाट संचालन हुने संघ सरकारबाट हस्तान्तरित विशेष अनुदान तर्फको "भुजेलगाउँ लिफटिंग खानेपानी बन्दीपुर-५ तनहुँ" योजना तथा प्रदेश सरकारबाट हस्तान्तरित विशेष अनुदान तर्फको "भुडाटार खानेपानी योजना" को फिल्टर निर्माण गर्नको लागि डिपिआर/विस्तृत लागत अनुमान तयार गर्नुपर्ने हुँदा रु. २७५०००/- दुई लाख पचहत्तर हजार (उक्त आयोजनाहरु को कुल रकमबाट नै खर्च गर्ने गरी) छुटाई एकमुष्ट रुपमा सुचिकृत परामर्शदाता बाट सेवा लिने भनि मिति |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| | | २०८२/०४/१८ को कार्यपालिका बैठकद्वारा निर्णय भएको तथा मिति २०८२/०७/२६ को कार्यपालिका बाट उक्त फर्मले पेश गरेको प्रतिवेदन स्वीकृत गरी सम्झौता बमोजिमको रकम निज परामर्शदाता लाई भुक्तानी गर्ने निर्णय गरेकोमा हाल उक्त योजनाहरुको डिपिआर/विस्तृत लागत अनुमान अनुसार योजनाहरु सम्झौता भैसकेको अवस्था सम्म पनि विविध कारणबस उल्लेखित शीर्षकबाट सम्बन्धित फर्मलाई भुक्तानी हुँन नसेको हुँदा यस गाउँपालिकाको "पूजिगत परामर्श खर्च" शिर्षकमा रहेको रु. ५ लाख बजेट बाट निज फर्मलाई भुक्तानी गर्ने निर्णय गरियो । |
| ७. | साहसिक खेल प्रतियोगिता (साइकल रेस, प्यारा ग्लाईडीङ्ग, रक क्लाइबिङ्गको TOR सम्बन्धमा । | बन्दीपुर गाउँपालिका भित्र सहासीक खेल प्रतियोगिता (साइकल रेस, प्यारा ग्लाईडीङ्ग, रक क्लाइबिङ्ग) संचालनको लागि प्रस्ताव गरिएको कार्यगत सर्त (TOR) लाइ स्विकृत गर्ने निर्णय गरियो । |
| ८. | "गाउँ पर्यटन मार्ट २०८३" को प्रस्ताव स्वीकृत सम्बन्धमा । | बन्दीपुर गाउँपालिका र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा मिति २०८३ वैशाख १८ र १९ गते संचालनको क्रममा रहेको "गाउँ पर्यटनमार्ट- २०८३" को लागि तयार भएको वित्तिय साझेदारी सम्बन्धमा पेश भएको प्रस्तावलाई स्वीकृत गरि प्रस्तावना अनुसारको खर्च साझेदारी गर्नु पर्ने रकम रु. ५०००००।– (अक्षरुपी: पाँच लाख मात्र) गाउँपालिकाबाट खर्च बेहोर्ने निर्णय गरियो । |
| ९. | आधुनिक कृषि मेसिनरी कार्यक्रमको अनुदान रकम निर्धारण तथा लाभग्राही छनौट सम्वन्धमा । | कृषि विकास शाखाको लागी आ.व २०८२/८३ मा वार्षिक स्वीकृत आधुनिक कृषि मेशिनरी कार्यक्रमको लागी प्राप्त आवेदनहरु मध्ये तपसिल बमोजिम आवेदक छनौट तथा अनुदान रकम निर्धारण गर्ने निर्णय गरियो । (विवरण तालिका नं. २ मा छ ) |
| १०. | कफि बिकास कार्यक्रमको लाभग्राहि छनौट सम्वन्धमा । | कृषि विकास शाखाको लागी आ.व २०८२/८३ मा वार्षिक स्वीकृत कफी विकास कार्यक्रमको लागी प्राप्त आवेदनहरु मध्ये तपसिल बमोजिम आवेदक छनौट तथा अनुदान रकम निर्धारण गर्ने निर्णय गरियो । (विवरण तालिका नं. ३ मा छ ) |
| ११. | गाउँसभाबाट विनियोजित सम्पूर्ण योजनाहरुको कार्यन्वयन तथा भुक्तानी गर्ने सम्बन्धमा । | बन्दीपुर गाउँपालिकाले गाउँसभाबाट आर्थिक वर्ष २०८२/८३ मा योजनाहरुको लागि सार्वजनिक जग्गाको संरक्षण, व्यवस्थापन तथा स्थानीय सरोकारवाला जनसमुदायको हितको लागि भनि बजेट बिनियोजन गरेको हुनाले चालु आ.व. मा सम्झौता हुने, सम्झौता भएका, सम्झौता भई निर्माण चरणमा रहेका तथा कार्य सम्पन्न भई प्राविधिक मुल्यांकनको क्रममा रही भुक्तानीका लागि पेश भएका तथा पेश हुने सम्पूर्ण योजनाहरु (भवन निर्माण/ सामुदायिक भवन निर्माण, विद्यालय भवन निर्माण, मन्दिर/चर्च निर्माण, पार्क निर्माण, चौतारा निर्माण, सडक निर्माण, सिचाई कुलो निर्माण, नयाँ ट्र्याक खोल्ने लगायत आदि) को प्राबिधिक मुल्यांकनका आधारमा भुक्तानी गर्ने निर्णय गरियो । |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| १२. | मनकामना गण भानु नगरपालिका भवन मर्मत सम्बन्धमा। | मनकामना गण भानु नगर पालिका वडा नं २ मा रहेको गणको कार्यालय अन्तर्गत रहेको भवन बैशाख महिनाको हावा हुरिले भवनको छाना उडाएको हुदा सो भवन मर्मतका लागि विपद शिर्षक बाट रु १ लाख ५० हजार छुट्याउने निर्णय गरियो। |
| १३. | भेटेरिनरी डाक्टर विज्ञापन गर्ने सम्बन्धमा। | पशुपन्छी तथा मत्स्य विकास शाखाको लागी आ.व २०८२/८३ मा नेपाल सरकार संघीय सशर्त बाट वार्षिक स्वीकृत एक पालिका एक भेटेरिनरी डाक्टर कार्यक्रम अन्तर्गत रिक्त रहेको पदका लागि २०८३ असाढ मसान्त सम्मको लागि विज्ञापन गर्ने निर्णय गरियो। |
| १४. | आर्थिक सहायता सम्बन्धमा। | तपशिल बमोजिमका सँस्था र व्यक्तिलाई तपसिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो।<br>**तपशिल**<br>१.) बन्दीपुर गाउँपालिका वडा २ स्थिर विभिन्न ठाउँमा घरको छाना उडाएको हुदा निम्न बमोजिमका व्यक्तिहरुलाई आर्थिक सहयोग गर्ने निर्णय गरियो।<br>क. क्षेत्र बहादुर कार्की वडा नं. २ रु. १५०००/-<br>ख. भैरव आ.वि. वडा नं. २ रु. १५०००/-<br>ग. जनजाकृती आ.वि. वडा नं. ६ रु. २००००/- (बिपद शिर्षकबाट)<br>घ. सुगम बाचे मगर वडा नं. १ रु.१००००/- (बिपद शिर्षकबाट)<br>२.) बन्दीपुर गाउँपालिका वडा नं. २ निवासी श्री लक्ष्मी देवि कायस्थको बस दुर घटना बाट पुर्णरुपमा असक्त हुनु भएकोले आर्थिक कार्यविधि अनुसार रु १५०००/- हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो।<br>३.) बन्दीपुर गाउँपालिका वडा नं. ६ निवासी श्री सुविन गुरुङ मानसिक रुपमा असक्त हुनु भएकोले स्वास्थ्य सम्बन्धी आर्थिक साहायता अनुसार रु १५००० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो।<br>३.) बन्दीपुर गाउँपालिका वडा नं. ६ निवासी श्री पवित्रा वि.क. रुखबाट खसि असक्त हुनु भएकोले स्वास्थ्य सम्बन्धी आर्थिक साहायता अनुसार रु १०००० दश हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो।<br>४.) बन्दीपुर गाउँपालिका वडा नं. ६ निवासी श्री बिमला कामी पारिवारिक वस्था निकै कमजोर भएकोले स्वास्थ्य सम्बन्धीं आर्थिक साहायता अनुसार रु १००००हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो।<br>५.) बन्दीपुर गाउँपालिका वडा नं. ६ निवासी श्री मन बहादुर गुरुङ दाहिनेखुट्टा भचिन गई असक्त हुनु भएकोले स्वास्थ्य सम्बन्धी आर्थिक साहायता अनुसार रु २०००० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो।<br>६.) बन्दीपुर गाउँपालिका वडा नं. ६ निवासी श्री खड्ग देवि पुजा समिती लाई आर्थिक कार्यविधि अनुसार रु ३०००० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो।<br>७.) बन्दीपुर गाउँपालिका वडा नं. ६ निवासी श्री बौद्द सदन शाक्य मुनी गुम्बा समिती लाई आर्थिक कार्यविधि अनुसार रु २०००० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो।<br>८.) तनहुँ जिल्ला पत्रकारिता अध्ययनको लागि श्री अमर नहर्की लाई रु १००००हजार आर्थिक कार्य विधि अनुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो।<br>९.) भुजेल समाज सेवा समिति तनहुँ ले भुजेल जातिको भाषा, संस्कृतिको, संरक्षण गर्ने |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| | | उद्देश्यले डकुमेन्ट्री चलचित्र निर्माणको लागि पेश सम्बन्धीत लागि रु. ५०००० पचास हजार दिने निर्णय गरियो।<br>१०.) बन्दीपुर गाउँपालिका वडा नं. ५ झारगाउँ निवासी श्री राम बहादुर गुरुङ लाई बन्दीपुर आवास अन्तर्गत रु १००००० एक लाखको घर निर्माण भूक्तानीमा निजको बैंक खाता नभएकोले निजको आमा श्री ज्ञान माया गुरुङको नाममा भुक्तानी दिने निर्णय गरियो।<br>११.) नेपाल मगर सास्कृतिक सघं, तनहुँले आयोजना गरेको दोस्रो राष्ट्रिय मौलिक कौराहा सम्मेलन २०८२ लाई आर्थिक कार्यविधि अनुसार रु २५००० पच्चिस हजार दिने निर्णय गरियो।<br>१२.) बन्दीपुर गाउँपालिका वडा नं. ६ स्थित बाक्से हटिया रहेको कुसुम स्मृति क्लब भलिबल खेलका लागि पालुङटार फेन्सी स्टोस बन्दीपर १ डुम्रेलाई जर्सी खरिद बापत रु ९५०० सय भुक्तानी दिने निर्णय गरियो।<br>१३.) बन्दीपुर गाउँपालिका वडा नं.२ निवासी चिनीमाया नेपालीको घर आँगन पहिरो गई घर समेत जोखिममा परेकोले घर मर्मत तथा गाह्रो लगाउदा भएको खर्च प्राविधिक मुल्यांकन अनुसार रु.२७३६५/- बिपद ब्यबस्थापन शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।<br>१४.) बन्दिपुर गा.पा. वडा नं.३ स्तरीय "प्रगतिशील दलित उत्थान समाज राहुटार" बन्दिपुर-३ दर्ता र अभिमुखीकरण संचालन गर्दाको खर्च बापत रु.१५०००/- पन्ध्र हजार भुक्तानी दिने निर्णय गरियो।<br>१५.) बन्दीपुर गा.पा.वडा नं. ४ स्थित दिल आधारभुत विद्यालय र बन्दीपुर गा.पा.वडा नं. १ स्थित पवित्रा मा.बि. लाइ जिप र बस संचालन गरि विद्यार्थी ल्याउने लैजाने कार्यका लागि रु. ३००००/- का दरले आर्थिक सहयोग गर्ने निर्णय गरियो। |
| १५. | **कोटेशन सम्बन्धमा।** | गाउँसभाबाट विनियोजित योजना "शिद्ध गुफा पूर्वाधार एवं प्रवर्धन" मा रु.८०००००/- आठ लाख रुपैयाँ बिनियोजन भएकोले उक्त योजना कोटेशनबाट निर्माण गर्ने निर्णय गरियो। |
| १६. | **धारापानी कुकुर्दी सुकौरा सडक स्तरोन्नतिको गुणस्तरीय निर्माण र भुक्तानी सम्बन्धमा।** | धारापानी कुकुर्दी सुकौरा सडक स्तरोन्नतिको गुणस्तरीय निर्माण र भुक्तानी सम्बन्धमा (रिड्स इन्जिनियरिंग कन्स्ट्रक्सन कम्पनी प्रा.लि.,काठमाण्डौ)। आगामी कार्यपालिका बैठकमा थप आबश्यक छलफल गरि निर्णय गर्ने निर्णय गरिन्छ। |

**तपशिल**

तालिका नं. १ ( निर्णय नं. ४ सँग सम्बन्धित )

| क्र.सं. | ठेक्काको नाम | ठेक्का विवरण (Contract ID) : | म्याद कायम रहेको मिति (सम्म) | म्याद थप गरिने मिति (सम्म) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

प्रमोद बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

CamScanner

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ

| | | | | | |
|---|---|---|---|---|---|
| १. | Construction OF Access Road For Bandipur Industrial Village And Bounndary Work | BRM/NCB/WORKS/16/2081/082 | २०८२/१२/३० | २०८३/०२/३० | |
| २. | Construction of Black Top Road from Seratar to Ramkot | BRM/NCB/WORKS/02/2081/082 | २०८२/१०/२९ | २०८३/०३/१५ | |
| ३. | तिलाहार मार्ग / भंगेरी मोटर मार्ग / झारगाउँ स्तरो स्तरोन्नति | ------------------------- | २०८३/१/३१ | २०८३/०२/३० | कोटेशन |

तालिका नं. २ ( निर्णय नं. ९ सँग सम्बन्धित )

| क.स | मेशिनरीको प्रकार | साधारण स्पेसिफिकेशन | एकाई | वितरण गरिने परिमाण | निर्धारित अनुदान रकम रु. | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | मिनी टिलर (डिजेल ईन्जिन) | 7HP | थान | ३० | २५००० | ७५०००० |
| २ | कुटनी पिसानी (CRM) | 220 rated voltage | थान | १० | २०००० | २००००० |
| ३ | ब्रस कटर | Back Pack | थान | ४ | १०००० | ४०००० |
| ४ | ELECTRIC POWER SPRAY (2 in 1) | 16 Lit | थान | १८ | २२५० | ४०५०० |
| ५ | Chaff cutter | With safety cover | थान | ४ | १६००० | ६४००० |
| ६ | तोरी पेल्ने मिल | 2800w (4HP). 220V | थान | १ | ७०००० | ७०००० |
| स्पेसिफिकेशन निर्माण तथा मुल्याङ्कन, अनुगमन खर्च रु. | | | | | ३५५०० | ३५५०० |
| जम्मा रकम रु. | | | | | | १२००००० |

तालिका नं. ३ ( निर्णय नं. १० सँग सम्बन्धित )

| क.स | समुह / फर्मको नाम | ठेगाना | निर्धारित अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | मिलिजुली कफी खेती कृषक समूह | बन्दीपुर गा.पा. -५, थुम्का | ४००००० | |
| २ | सजिब कृषि तथा पशुपन्छी फर्म | बन्दीपुर गा.पा. -६, खहरे | १००००० | |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

CamScanner